# स्थानीय राजपत्र

मेलम्ची नगरपालिकाद्वारा प्रकाशित

खण्ड ४) माघ १२ गते, २०७७ साल) संख्या : १

## भाग-१

## मेलम्ची नगरपालिका सिन्धुपाल्चोक,

### मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि नगर स्तरीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७

**नगर स्तरमा मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन मेलम्ची नगर कार्यपालिकाले मानव बेचबिखन तथा ओसारप्रसार नियन्त्रणको लागि नगर स्तरीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७ जारी गरेको छ।**

**पृष्ठभूमि :**

मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणका लागि नेपाल सरकारले मानव बेचबिखन तथा ओसारपसार ( नियन्त्रण) ऐन, २०६४ र मानव बेचबिखन तथा ओसारपसार (नियन्त्रण) नियमावली, २०६५ जारी गरी कार्यान्वयन गर्दै आएको छ। ऐन तथा नियमावली बमोजिम केन्द्रीय तथा जिल्ला समिति गठन भई ऐन बमोजिमको कसुर नियन्त्रण तथा पीडितको उद्धार, पुनर्स्थापना र पुनर्मिलनका लागि कार्य गर्दै आएकोमा स्थानीय स्तरमा पनि मानव बेचबिखन तथा ओसार प्रसार तथा नियन्त्रणका कार्यहरुलाई व्यवस्थित ढंगले अगाडि बढाउन नेपाल सरकारले मानव बेचबिखन विरुद्धको स्थानीय समिति ( गठन तथा परिचालन ) निर्देशिका २०७० समेत जारी गरेको छ। स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १४ मा कार्यपालिकाले आफ्नो काम कारवाही व्यवस्थित गर्न विभिन्न समिति तथा उपसमिति गठन गर्न सक्ने व्यवस्था भए बमोजिम नगर स्तरमा मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका काम कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन मेलम्ची नगर कार्यपालिकाले मानव बेचबिखन तथा ओसारप्रसार नियन्त्रणको लागि नगर स्तरीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७ जारी गरेको छ।

**१. सक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "**मानव बेचबिखन तथा ओसारपसार नियन्त्रणको लागि नगर स्तरीय समिति (गठन तथा परिचालन) कार्यविधि, २०७७** " रहेको छ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषा र व्याख्या : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "नगरपालिका" भन्नाले मेलम्ची नगरपालिकालाई जनाउँदछ र सो शब्दले नगर कार्यालिकाको कार्यालयलाई समेत जनाउँदछ।

(ख) " प्रमुख " भन्नाले मेलम्ची नगरपालिकाको प्रमुखलाई जनाउँदछ।

(ग) " उपप्रमुख " भन्नाले मेलम्ची नगरपालिका उपप्रमुखलाई जनाउँदछ।

(घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मेलम्ची नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँदछ।

(ङ) "वडा कार्यालय" भन्नाले मेलम्ची नगरपालिकाका वडा कार्यालयहरुलाई जनाउँदछ।

(च) "ऐन" भन्नाले मानब बेचबिखन तथा ओसारप्रसार नियन्त्रणको सम्बन्धमा बनेको संघीय ऐनलाई जनाउँदछ।

(छ) "नियमावली" भन्नाले मानब बेचबिखन तथा ओसारप्रसार नियन्त्रणको सम्बन्धमा बनेको संघीय नियमावलीलाई जनाउँदछ।

**३. समितिको गठन सम्बन्धी व्यवस्था :** (१) नगरपालिकाले मानव बेचबिखन तथा ओसारप्रसार नियन्त्रणको लागि नगर स्तरीय समिति गठन गर्नका लागि नगर स्तरीय महिला संजाल, बाल संजाल, स्थानीय पत्रकार, शिक्षक तथा विद्यार्थीहरु एवम् विभिन्न संघसंस्थाका प्रतिनिधिहरुलाई आमन्त्रण गरी भेलाको आयोजना गर्नेछ।

(२) उपदफा (१) बमोजिमको भेलाबाट तपसिल बमोजिमका सदस्यहरु रहेको समिति गठन गरिनेछ।

| | |
|---|---|
| (क) नगर प्रमुख | - संयोजक |
| (ख) न्यायिक समितिको संयोजक | - सदस्य |
| (ग) प्रमुख, स्थानीय प्रहरी कार्यालय | - सदस्य |
| (घ) शिक्षा,युवा तथा खेलकुद शाखाको प्रमुख | -सदस्य |
| (ङ) जनस्वास्थ्य शाखाको प्रमुख | - सदस्य |
| (च) कृषि विकास शाखाको प्रमुख | - सदस्य |
| (छ) रोजगार सेवा केन्द्र, संयोजक वा प्रतिनिधि | - सदस्य |
| (ज) उद्योग वाणिज्य संघ, संयोजक वा प्रतिनिधि | - सदस्य |
| (झ) नगर स्तरीय बाल संजाल, संयोजक वा प्रतिनिधि | - सदस्य |
| (ञ) नगर स्तरीय महिला संजाल, संयोजक वा प्रतिनिधि | - सदस्य |
| (ट) मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्थाका प्रतिनिधि कम्तीमा एक जना महिला सहित दुई जना | -सदस्य |
| (ठ) महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखाको प्रमुख | -सदस्य सचिव |

**४. समितिको काम, कर्तव्य र अधिकार :-** दफा ३ बमोजिम गठित समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

(क) ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने कागजात नभएमा त्यस्ता कागजात बनाउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ख) केन्द्रीय तथा जिल्ला स्तरीय समितिले दिएको निर्देशन बमोजिमका कार्यहरु गर्ने,

(ग) मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका लागि स्थानीयस्तरमा विभिन्न अभियान तथा कार्यक्रमहरु संचालन गर्ने,

(घ) आफ्नो क्षेत्रमा मानव बेचबिखन तथा ओसार प्रसारको जोखिममा रहेका व्यक्तिहरुको उद्धार, पुनर्सथापना र पुनर्मिलनका लागि आवश्यक कार्यहरु गर्ने,

(ङ) मानव बेचबिखन तथा ओसार प्रसारका विरुद्ध स्थानीय स्तरमा कार्यरत संघ संस्थाहरु बीच समन्वय कायम गर्ने,

(च) मानव बेचबिखन तथा ओसार प्रसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन सम्बन्धित निकायमा पठाउने,

(छ) नगर स्तरमा मानव बेचबिखन तथा ओसार प्रसारबाट प्रभावितका लागि राहत कोष स्थापना गरी संचालन गर्ने,

(ज) पीडितको लागि आवश्यक कानुनी सहायता उपलव्ध गराउन आवश्यक सहजिकरण गर्ने,

(झ) स्थानीय जनप्रतिनिधि तथा सरोकारवालाहरुको क्षमता विकासको लागि गोष्ठी तथा प्रशिक्षणका कार्यक्रमहरु संचालन गर्ने,

(ञ) नगर स्तरमा पुनर्स्थापना केन्द्र संचालनका लागि सरकारी तथा गैर सरकारी संघसंस्थासँग समन्वय र सहकार्य गर्ने,

(ट) पिडितको उद्धार, पुनर्सथापना र पुनर्मिलनका लागि अन्तर स्थानीय तह, जिल्ला तथा केन्द्रीय तहसँग आवश्यक समन्वय गर्ने ।

**५. बैठक सम्बन्धी कार्यविधिः** दफा ३ बमोजिम गठित समितिको कार्यविधि देहाय बमोजिम हुनेछ ।

(क) समितिको बैठक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(ख) समितिको बैठक प्रत्येक तीन महिनामा कम्तीमा एक पटक बस्नेछ ।

(ग) कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्य उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(घ) बैठकको अध्यक्षता समितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा न्यायिक समितिका संयोजकले बैठकको अध्यक्षता गर्नेछ ।

(ङ) समितिले आवश्यक ठानेमा स्थानीय पत्रकार तथा अन्य व्यक्ति तथा पदाधिकारीहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(च) बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

**६. वडा स्तरीय समिति गठन तथा परिचालन सम्बन्धी व्यवस्थाः (१)** वडा स्तरमा मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका लागि देहाय बमोजिम समिति गठन गरी परिचालन गर्न सकिनेछ ।

(क) वडा अध्यक्ष - संयोजक

(ख) वडा समितिको महिला सदस्यमध्ये एक जना - सदस्य

(ग) प्रमुख, स्थानीय प्रहरी चौकी - सदस्य

(घ) स्थानीय विद्यालयको प्रधानाध्यापक एक जना -सदस्य

(ङ) स्थानीय स्वास्थ्य संस्थाको प्रमुख - सदस्य

(च) वडा स्तरीय महिला संजाल, संयोजक वा प्रतिनिधि - सदस्य

(छ) वडामा कृयाशिल बाल संजाल संयोजक वा प्रतिनिधि - सदस्य

(ज) सिमान्तकृत/दलित समूदायको प्रतिनिधि एकजना - सदस्य

(झ) मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका क्षेत्रमा कार्यरत गैर सरकारी संघ संस्था/व्यक्तिमध्ये वडाले मनोनयन गरेको प्रतिनिधि एक जना -सदस्य

(ञ) वडा सचिव - सदस्य सचिव

**(२)** वडास्तरीय समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगर स्तरीय समितिले दिएको निर्देशन बमोजिमका कार्यहरु गर्ने,

(ख) ऐन तथा नियमावली बमोजिम उद्धार गरिएका व्यक्तिको परिचय खुल्ने कागजात नभएमा त्यस्ता कागजात बनाउनको लागि सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ग) मानव बेचबिखन तथा ओसार प्रसार नियन्त्रणका लागि वडास्तरमा विभिन्न अभियान तथा कार्यक्रमहरु संचालन गर्ने,

(घ) आफ्नो क्षेत्रमा मानव बेचबिखन तथा ओसार प्रसारको जोखिममा रहेका व्यक्तिहरुको उद्धार, पुनर्स्थापना र पुनर्मिलनका लागि आवश्यक कार्यहरु गर्ने,

(च) मानव बेचबिखन तथा ओसार प्रसारसँग सम्बन्धित लगत तथा अभिलेख अद्यावधिक गर्ने र प्रत्येक तीन महिनामा सो सम्बन्धी प्रतिवेदन नगर स्तरीय समितिमा पठाउने,

(ज) पिडितको लागि आवश्यक कानुनी सहायता उपलव्ध गराउन आवश्यक सहजिकरण गर्ने,

**(३)** वडास्तरीय समितिको बैठक संयोजकले तोकेबमोजिम आवश्यकता अनुसार बस्नेछ।

**६. कार्यविधिको ब्याख्या र संशोधनः** यस कार्यविधिको कार्यान्वयनमा कुनै जटिलता आइपरेमा आवश्यक व्याख्या र संशोधन नगर कार्यपालिकाले गर्नेछ।

**प्रमाणिकरण मितिः२०७७।१०।१२**

**आज्ञाले**
**कुमार प्रसाद कोइराला**
**प्रमुख प्रशासकीय अधिकृत**